International Tiger Day 2026

Presented by

Manoj Subedi Rakhal

Ghanshyam Bohara

Division Forest Office Marin, Sindhuli



🐅 वैज्ञानिक परिचय

वैज्ञानिक नाम: *Panthera tigris tigris* (Royal Bengal Tiger)
कुल (Family): Felidae
गण (Order): Carnivora
संरक्षण अवस्था (IUCN): Endangered (संकटापन्न)
राष्ट्रिय निकुन्ज तथा बन्यजन्तु संरक्षण एन २०२९: संरक्षित
संसारकै सबैभन्दा ठूलो बिरालो प्रजाति (Largest Wild Cat) हो।

आहार र व्यवहार

पूर्ण रूपमा **मांसाहारी (Carnivore)** हो।
मुख्य आहारा: चित्तल, साम्बर, बँदेल, नीलगाई तथा अन्य मध्यम–ठूला शाकाहारी वन्यजन्तु।
प्रायः एक्लै बस्ने (Solitary) र आफ्नो निश्चित क्षेत्र (Territory) कायम गर्ने स्वभाव हुन्छ।
प्रायः साँझ, राति र बिहान सक्रिय रहने (Crepuscular/Nocturnal) जनावर हो।

Tiger

Common name: Bengal Tiger

Scientific Name: *Panthera tigris tigris*

Length: 250-390 cm (Male), 200-275 cm (Female)

Weight: 90-306 kg

Population: 355

Status: Categorized Endangered in IUCN Red List throughout its range countries and listed in Appendix I of Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) agreement. Tiger is a protected species according to the National Parks and Wildlife Conservation Act, 1973 A.D. (2029 B.S.)

Habitat: Tiger habitat ranges from wet, evergreen, semi evergreen, swampy mangroves of the Ganges delta, to deciduous forests, thorny forests and open grasslands. Geographically, they are found at sea level from the Sundar Bans in Bangladesh, to the base of the Himalayas, and up to 4000m asl in Bhutan.

अन्तर्राष्ट्रिय बाघ दिवस

- बाघलाई लोप हुनबाट बचाउन र यिनीहरूको बासस्थान संरक्षणका लागि विश्वभरका राष्ट्रहरूलाई एकजुट बनाउने सन् २०११ देखि यो दिवस मनाउन थालिएको हो।

- **सेन्ट पिटर्सबर्ग बाघ सम्मेलन २०१०:** विश्वमा बाघको संख्या तीव्र रूपमा घट्दै गएपछि यसको संरक्षणका लागि सन् २०१० मा रूसको सेन्ट पिटर्सबर्गमा बाघ पाइने १३ मुलुकको एउटा महत्वपूर्ण सम्मेलन भएको थियो र यही सम्मेलनले बाघको संरक्षणका लागि विश्वव्यापी जनचेतना फैलाउन **प्रत्येक वर्षको जुलाई २९ लाई अन्तर्राष्ट्रिय बाघ दिवस** का रूपमा मनाउने निर्णय गरेको हो।
- **TX2 लक्ष्यको निर्धारण** सोही सम्मेलनमा सहभागी १३ वटा बाघ पाइने मुलुकहरूले सन् २०२२ सम्ममा जंगली बाघको संख्या दोब्बर बनाउने महत्वाकांक्षी लक्ष्य निर्धारण गरेका थिए, जसलाई **TX2'** अभियान भनिन्छ।

- नेपालले सन् २०२२ को समयसीमा भित्रै बाघको संख्या दोब्बरभन्दा बढी पुऱ्याएर यो लक्ष्य पूरा गर्ने पहिलो देशको रूपमा इतिहास रचेको छ।

National Tiger Survey 2025

Workflow of data collection and analysis

Phase I

- Block division and grid allocation
- Camera installment in grid for minimum 15 days
- Collection of camera trap images and sent to database centre of DNPWC

Input

Phase II

- Archiving and renaming of camera trap images
- Segregation of tiger images and copying in separate folder
- Individual tiger identification for minimum tiger

Phase III

- Input file
  - Capture file
  - Trap file
  - Habitat file
- Spatial explicit capture recapture (SECR)

Output

- Total number of tiger and density



National Tiger Survey 2025

नेपालले बाघको संख्या, वितरण तथा बासस्थानको अवस्थाबारे वैज्ञानिक तथ्याङ्क संकलन तथा विश्लेषण गर्न राष्ट्रिय बाघ सर्वेक्षण सन् २००९ देखि हरेक चार-चार बर्षमा गर्दै आएको छ । यस बर्षको बाघको सर्वेक्षणका लागि नेपालका बाघ पाइने ५ वटा निकुञ्जहरु पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा एवं वरिपरीका वन क्षेत्रमा क्यामरा ट्र्यापको काम सन् २०२५ डिसेम्बर १६ (वि.सं. २०८२ साल पुस १) देखि सुरु भई २०२६ अप्रिल २३ (२०८३ साल वैशाख १०) गते सम्पन्न भएको थियो ।

राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ अन्तर्गत बाघको बासस्थानलाई ३ वटा कम्पलेक्समा (चितवन-पर्सा कम्पलेक्स, बाँके-बर्दिया कम्पलेक्स र शुक्लाफाँटा-लालझाडी कम्पलेक्स) विभाजन गरिएको थियो। हरेक कम्पलेक्सलाई विभिन्न ब्लकभित्र २ कि.मि. लम्बाई र २ कि.मि. चौडाइका वर्गाकार ग्रिड बनाई हरेक ग्रिडमा एक जोडी स्वचालित क्यामरा जडान गरी निरन्तररुपमा कम्तिमा दुई हप्तासम्म राखिएको थियो । सर्वेक्षणका क्रममा कुल ७,३९३ वर्ग कि.मि. क्षेत्रफलमा १,८४८ वटा ग्रिडमा कूल ३,६९६ वटा स्वचालित क्यामेरा प्रयोग गरिएको थियो । कुल ग्रिडहरु मध्ये ६३९ वटा ग्रिडमा बाघको तस्विर परेको थियो । यस सर्वेक्षणमा सबै स्टेशनमा राखिएको क्यामराहरुको कूल जम्मा दिन ३६,१८१ (camera-trap effort days) रहेको र क्यामेरा ट्र्यापबाट कूल ११,९११ वटा बाघका तस्विरहरु प्राप्त भएका थिए ।

यसरी, राष्ट्रिय बाघ सर्वेक्षण, २०८२ बाट प्राप्त बाघका तस्विरहरूलाई तीनका शरीरका पाटाहरुको आधारमा विश्लेषण गर्दा ३७३ वटा छुट्टाछुट्टै बाघको पहिचान गरिएको छ । क्यामरा ट्र्यापबाट पहिचान भएका बाघका आधारमा वन्यजन्तुको संख्या विश्लेषण गर्ने वैज्ञानिक बिधि- Spatially Explicit Capture-Recapture (SECR) प्रयोग गरी प्राप्त नतिजा बमोजिम हाल नेपालमा बाघको संख्या पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज एवं वरिपरीका वन क्षेत्रमा क्रमश: ७१ वटा, १४५ वटा, ५१ वटा, ११२ वटा र ५० वटा गरी कूल अनुमानित संख्या ४२९ (४०२-५००) वटा बाघहरु रहेको पाईएको छ । बाघको घनत्व, occupancy र आहारा प्रजातिको सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको थप विश्लेषण गरी पुर्ण प्रतिवेदन छिट्टै प्रकाशन हुनेछ ।

Survey effort

Site	Number of surveyed camera trap grid cells	Number of grid cells with tiger captures	Survey effort(trap days)	Number of tiger photos
PNP and adjoining forest	347	108 (31%)	5,974	1,564
CNP and adjoining forest	505	201(40%)	8,334	3,156
BaNP and adjoining forest	408	69(17%)	10,126	887
BNP and adjoining forest	346	201(58%)	7,498	5778
ShNP and adjoining forest	242	60(25%)	4249	526
Total	**1848**	**639(35%)**	**36,181**	**11,911**

Observed Individual Tigers
National Tiger Survey 2025/026

Site	Number of individual tigers captured (Mt+1)	Adult males	Adult Females	Adult Unknown Sex
PNP and adjoining forest	55	18	30	7
CNP and adjoining forest	130	53	64	13
BaNP and adjoining forest	37	8	18	11
BNP and adjoining forest	110	34	61	15
ShNP and adjoining forest	41	12	26	3
Total	**373**	**125**	**199**	**49**

Tiger outside protected areas

S.N	Site		Male	Female	Unknown Sex
1	PNP and adjoining forest	Rautahat forest	1		
2		Bara forest	1	1	1
3		Parsa forest and PNP core area		2	
Total			**2**	**3**	**1**
1	CNP and adjoining forest	Binay triveni, Nawalparasi	2	1	
2		Gyaneshowor CF, Chitwan		1	
3		Barandabhar corridor forest	2	1	
Total			**4**	**3**	
1	BaNP and adjoining forest	Kamdi	2	2	1
2		Satbariya, Lamahi	3	1	
Total			**5**	**3**	**1**
1	BNP and adjoining forest	Karnali	3	2	1
2		Khatta	2	5	
Total			**5**	**7**	**1**
1	ShNP and adjoining forest	Laljhadi bani forest			1
Total					1
Total			**16**	**16**	**4**

Prey base density

National Park	Species	Effort	Spatial Replicates	Truncation	No of Observation	Density (SqKm)	SE	CV(%)
PNP	All Prey	175.8	63	80m	89	**54.47**	12.98	23.83
	Spotted Deer			80m	46	**43.36**	13.27	30.6
CNP	All Prey	350.4	152	120m	283	**86.26**	13.8	16
	Spotted Deer			100m	150	**56.59**	9.1	16.08
	Sambar Deer			95m	45	**4.45**	0.93	21
	Hog Deer			70m	47	**18.4**	12.9	70.1
BaNP	All Prey	158.85	108	110	132	**56.39**	11.02	19.21
	Spotted Deer			120m	59	**41.86**	10.36	24.75
	Barking Deer			100m	31	**3.09**	0.86	27.86
BNP	All Prey	187.98	114	150m	240	**156.89**	21.56	13.7
	Spotted Deer			160m	187	**140.89**	20.16	14.31
ShNP	All Prey	282	78	150m	169	**113.91**	17.75	15.58
				170m	117	**92.6**	16.26	17.56

Final result



बाघ सम्बधी तथ्यांक

बर्ष(सन्)	संख्या
2009	121
2013	198
2018	235
2022	355
2026	429

Table 1: Status of tiger in range countries

S.N.	Country	Year 2010	Year 2015	Year 2019	Year 2022	Year of recent data
1	India	1411	2246	2967	3167	2022
2	Nepal	121	198	235	355	2022
3	Bangladesh	440	106	114	114	2018
4	Bhutan	75	103	103	103	2020
5	China	45	45	50	50	2021
6	Lao PDR	17	17	NA	NA	-
7	Myanmar	85	85	20	22	2018
8	Thailand	200	200	177	177	2021
9	Viet Nam	10	10	NA	NA	-
10	Cambodia	20	20	NA	NA	-
11	Indonesia	325	325	400	400	2021
12	Malaysia	500	500	150	150	2021
13	Russia	360	360	380 - 540	480-540	2022
Total Population		**3609**	**4215**		**3726-5578**	**2022**

Data source: (DNPWC & DoFSC, 2022; Goodrich et al., 2022, 2015; GTRP, 2011; Jhala et al., 2021; Qureshi et al., 2023)

नेपालमा बाघ संरक्षणका प्रमुख रणनीतिहरूः

१.संरक्षित क्षेत्र व्यवस्थापन

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रहरूको विस्तार, घाँसे मैदान व्यवस्थापन, सिमसार संरक्षण, बासस्थान पुनर्स्थापना तथा वैज्ञानिक व्यवस्थापनलाई प्राथमिकता दिएको छ।

२.चोरी–शिकार नियन्त्रण

नेपाल सेना, राष्ट्रिय निकुञ्ज प्रशासन, स्थानीय समुदाय तथा संरक्षण साझेदार संस्थाहरूको संयुक्त गस्ती तथा निगरानीका कारण चोरी–शिकार उल्लेखनीय रूपमा नियन्त्रण भएको छ।

३. समुदायमा आधारित संरक्षण

मध्यवर्ती क्षेत्र उपभोक्ता समिति तथा सामुदायिक वन उपभोक्ता समूहहरूले बासस्थान संरक्षण, जनचेतना अभिवृद्धि तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन्।

४. वैज्ञानिक अनुगमन

क्यामेरा ट्र्याप, GPS प्रविधि, आनुवंशिक विश्लेषण तथा अन्य वैज्ञानिक विधिहरूको प्रयोग गरी बाघको संख्या, वितरण तथा बासस्थानको नियमित अनुगमन गरिन्छ।

५.बाघ संरक्षण कार्ययोजना Tiger conservation Action Plan:

1998-2006, 2008-2012, 2016-2020, 2023-2032

६. अन्तर्राष्ट्रिय सहकार्य

नेपालले भारत, WWF, राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC), Global Tiger Forum तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्य गरी सीमापार बाघ संरक्षण तथा अनुसन्धानलाई सुदृढ बनाइरहेको छ।

नेपालका प्रमुख संरक्षण उपलब्धिहरू:

नेपालले बाघ संरक्षणमा हासिल गरेका महत्वपूर्ण उपलब्धिहरू निम्नानुसार छन्–

१.सन् २००९ को १२१ बाट सन् २०२२ मा ३५५ बाघ पुगे।

२.बाँके राष्ट्रिय निकुञ्जको स्थापना तथा बासस्थान विस्तार।

३.तराई आर्क भू–परिदृश्यमा जैविक मार्गहरूको सुदृढीकरण।

४.चोरी–शिकार नियन्त्रणमा उल्लेखनीय सफलता।

५. स्थानीय समुदायको संरक्षण कार्यक्रममा सक्रिय सहभागिता।

६. आधुनिक वैज्ञानिक प्रविधिबाट नियमित अनुगमन।

७. विश्वव्यापी रूपमा बाघ संरक्षणमा नेपालको उदाहरणीय सफलता।

भावी रणनीति तथा सिफारिसहरू :

नेपालमा बाघ संरक्षणलाई अझ प्रभावकारी बनाउन निम्न उपायहरू आवश्यक छन्–

- मानव–बाघ द्वन्द्व न्यूनीकरण कार्यक्रमलाई सुदृढ बनाउने।
- राहत, क्षतिपूर्ति तथा बीमा प्रणालीलाई प्रभावकारी बनाउने।
- जैविक मार्गहरूको संरक्षण तथा विस्तार गर्ने।
- क्षयग्रस्त वन तथा घाँसे मैदानहरूको पुनर्स्थापना गर्ने।
- आहार प्रजातिको संख्या वृद्धि गर्ने।
- समुदायमा आधारित संरक्षण कार्यक्रम विस्तार गर्ने।
- जलवायु परिवर्तन अनुकूल संरक्षण व्यवस्थापन लागू गर्ने।
- अनुसन्धान, अनुगमन तथा आधुनिक प्रविधिमा लगानी बढाउने।
- भारतसँग सीमापार संरक्षण सहकार्यलाई थप सुदृढ बनाउने।

International Tiger Day 2026





चुनौतिहरु:

बासस्थान नाश

बासस्थानको खण्डीकरण: सडक, रेलमार्ग र सिँचाइ नहर जस्ता विकासका पूर्वाधारले बाघको बासस्थान र जैविक मार्गहरू टुक्रिएका छन्।

चुनौतिहरु:

मानब बन्यजन्तु द्वन्द

चुनौतिहरु:

जलवायु परिबर्तन

बासस्थान नाश

आहाराको कमि

अबैध चोरी तस्करी

३.१ वन्यजन्तु व्यवस्थापन

३.१.१ वन्यजन्तु उद्दार र मृत्यु

यदाकदा वन्यजन्तुहरु निकुञ्ज नजिकमा रहेका गाउँ बस्तीमा विविध कारणले गर्दा प्रवेश गर्ने गर्दछन यस्तो अवस्थामा सम्वन्धित संरक्षित क्षेत्र कार्यालयले सरोकारवालाहरुको सहयोगमा ति बन्यजन्तुहरुको उद्दार गर्ने गरिएको छ ।उद्दार गरिएका यस्ता बन्यजन्तुहरुलाई आवश्यक उपचार बा रेखदेख पश्चात उचित बास्थानमा पुनर्स्थापना गर्ने गरिएको छ भने पुनर्स्थापना गर्न नसकिने बन्यजन्तुको हकमा उक्त बन्यजन्तुलाई उचित खोर र आहाराको व्यवस्था गरी हेरचाह गरिँदै आइएको छ । यस्ता समस्याग्रस्त बन्यजन्तुहरुको व्यवस्थापन खर्च निकै महङ्गो हुने गरिकोले हालका दिनहरुमा व्यवस्थापकीय चुनौती थप भएको छ । यस आ.व. मा प्रकृतिक, सडक दुर्घटना, कुकुरको आक्रमण र दलदलमा फस्ने लगायत विभिन्न कारणबाट जम्मा ३३९ बाट बन्जन्तु मृत्युका घटना भएका थिए । जस मध्ये सबै भन्दा धेरै मृत्यु चित्तलको भएको देखिन्छ भने प्राकृतिक बाहेक सडक दुर्घटना र कुकुरको आक्रमणबाट सबै भन्दा धेरै बन्यजन्तुहरुको मृत्यु भएको थियो । आ.व. २०८१/८२ मा विभिन्न संरक्षित क्षेत्रमा उद्दार गरिएका र मृत्यु भएका बन्यजन्तुहरुको विवरण अनुसूची ६ मा दिइएको छ ।

३.१.२ मानव बन्यजन्तु द्वन्द र राहत व्यवस्थापन

संरक्षित क्षेत्र बरपर बढ्दो जनघनत्व एवं अव्यवस्थित भू-उपयोगका कारण बन्यजन्तुको बासस्थानमा भएको क्षयीकरण एवं संकुचनले गर्दा बन्यजन्तुहरुले आफ्नो बासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेका छन्।यसबाट संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरी बसोबास गर्ने समुदायहरुको बन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ।हात्ती, बाघ, गैंडा, हिउँ चितुवा, हिमाली कालो भालु, काठे भालु, बाँदर लगायतका बन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु तथा घाइते बनाउने मानवीय क्षति र बन्यजन्तुबाट बालीनाली, घर, गोठको क्षति हुने गरेको छ।पछिल्ला बर्षहरुमा मानव बन्यजन्तु द्वन्द्व एक टड्कारो समस्याको रुपमा देखा परेको छ।आ.व. २०८१/८२ मा नेपालभरिका संरक्षित क्षेत्र भित्रका बस्ती र यसको मध्यवर्ती क्षेत्रका बस्तीमा बन्यजन्तुको आक्रमणबाट मृत्यु हुने मानिसको संख्या १५, सामान्य घाइते संख्या १४ र सख्त घाइते हुनेको संख्या ५७, घर/गोठको क्षति ११६, पशुधन क्षति ३७३२, अन्नबालीको क्षति ४६१० र भण्डारण गरेको अन्नको क्षति ५१ रहेको छ भने बन्यजन्तुबाट भएको क्षतिको

Key Challenges

Carrying Capacity: Experts estimate Nepal's forests can sustainably support around 400 tigers, meaning the current population of 429 slightly exceeds immediate environmental capacity.

Human-Wildlife Conflict: The growing number of big cats has led to more encounters and safety risks for local communities living near protected areas.

Problem Tigers: There are currently 16 rescued or conflict-involved tigers housed in special enclosures across the country.



चित्र ७: बन्यजन्तुवाट विगत सात वर्षमा भएको मानिससंग सम्वन्धित घटना संख्या

नेपाल सरकारले "जनावर आतङ्क" लाई विपदको रुपमा परिभाषित गरेको छ । निकुञ्ज आरक्ष लगायत संरक्षित क्षेत्रहरुका नजिकमा रहेका गाउँबस्तीमा मानव र बन्यजन्तुको अन्तर्कृया बढीहुने हुँदा बन्यजन्तुबाट हुने क्षतिलाई कम गर्ने कार्यक्रम संचालन लगायत मानव बन्यजन्तु द्वन्द्वलाई न्यूनिकरण गर्न बन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०८० (चौथो संशोधन, २०८०) बमोजिम राहत उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस आ.व.मा संरक्षित क्षेत्रका कार्यालयहरुको जिम्मेवारी क्षेत्रमा बन्यजन्तुबाट भएको जम्मा ८५९५ घटनामा भएको क्षति बापत विभिन्न संरक्षित क्षेत्रका कार्यालयहरुबाट मात्र कुल ७ करोड ११ लाख ६८ हजार ६ सय ४ रुपैया राहत रकम वितरण गरिएको छ। यो रकम गत आ.व. मा वितरित राहत भन्दा ६ करोड ५१ लाख ३३ हजार एक सय २३ रुपैया कम हो । संरक्षित क्षेत्रहरुले विगत सात वर्षमा उपलब्ध गराएको राहत र आ.व. २०८१/८२ मा प्रत्येक संरक्षित क्षेत्रबाट विवरण भएको राहतको विवरण तल चित्रमा दिइएको छ।यस सम्बन्धी विवरण अनुसूची ८ मा दिइएको छ।

अनुसूची ६ : वन्यजन्तुको क्षतिको विवरण

सि.नं.	बन्यजन्तुको नाम	प्राकृतिक (उमेर पुगेर, बिरामी भएर, बाघको आक्रमणबाट आदि)	जुधेर	सडक दुर्घटना	विधुतीय करेन्ट। धराप	पासोमा परी	चोरी शिकारी	बाढीले बगाएर	दलदलमा परी मरेको	नहरमा डुबेर	तारजालीमा परेर	कुकुरको आक्रमण	कारण नखुलेको	अध्ययन अनुसन्धान	बिष राखेर	शिकार	अन्य	जम्मा
१	गैंडा	१९	३	०	१	०	०	२	३	०	०	०	०	०	०	०	१	२९
२	चितुवा	२	०	१	०	१	०	०	१	०	०	०	०	०	०	०	२	७
३	हात्ती	८	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	१	११
४	पाटेबाघ	३	५	०	०	०	०	०	०	०	०	०	१		०	०	१	१०
५	चरी बाघ	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	१	२
६	चितल	३१	०	३१	०	०	०	०	११	०	४	३९	६	०	०	२	४	१२८
७	जरायो	३	०	२	०	०	०	०	०	१	०	०	०	०	०	०	०	६
८	रतुवा	७	०	५	०	०	०	०	२	०	०	१	०	०	०	०	०	१५
९	घडियाल गोही	२	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	२
१०	निलगाई	४	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	४
११	अजिंगर	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	१	२
१२	स्याल	३	०	१	०	०	०	०	०	०	१	०	१	०	०	०	०	६
१३	भालु	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१
१४	अर्ना	०	०	०	४	०	०	०	०	०	०	०	०		१	०	०	५
१५	बँदेल	९	०	४		३	०	०	०	०	०	१	०	०	०	०	०	१७
१६	बाँदर	७	०	९	२	०	०	०	०	०	०	१	०	०	०	०	०	१९
१७	लंगुर	०	०	२	१	०	०	०	०	०	०	०	०	०	०	०	०	३
१८	दुम्सी	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१

निष्कर्ष

- नेपालले दृढ राजनीतिक इच्छाशक्ति, वैज्ञानिक व्यवस्थापन तथा स्थानीय समुदायको सक्रिय सहभागिता मार्फत विश्वमै उदाहरणीय बाघ संरक्षण सफलता हासिल गरेको छ।
- बाघको संख्या उल्लेखनीय रूपमा वृद्धि हुनु नेपालको संरक्षण इतिहासको महत्वपूर्ण उपलब्धि हो।
- तथापि, मानव–बाघ द्वन्द्व, बासस्थान संरक्षण तथा दिगो व्यवस्थापनलाई निरन्तर प्राथमिकता दिँदै स्थानीय समुदायको हितसँग सन्तुलन कायम गर्न सके मात्र यो सफलता दीर्घकालीन रूपमा कायम रहन सक्छ।
- सरकार, संरक्षण साझेदार संस्था तथा स्थानीय समुदायबीचको सहकार्यलाई अझ प्रभावकारी बनाउँदै लगिएमा नेपालमा बाघ संरक्षणको भविष्य अझ सुरक्षित र दिगो बन्नेछ।

<u>सन्दर्भ सामग्री:</u>

- Department of National Parks and Wildlife Conservation (DNPWC) 2026.
- WWF (2022). *Nepal Nearly Triples Wild Tiger Population.*
- Ghimire, P. (2022). *Conservation of Tiger Panthera tigris in Nepal: A Review of Current Efforts and Challenges*. Journal of Threatened Taxa.
- National Trust for Nature Conservation (NTNC). *Bengal Tiger Conservation in Nepal.*
- Lamichhane, S. et al. (2025). *Assessing the Response of Tiger Populations to Elevated Conservation Efforts in Lowland Nepal.*